आज मिति २०८१ साल आषाढ ०७ गतेका दिन आगामी आ.व. २०८१/०८२ को आयोजित गाउँ सभा बैठक यस नार्सो गाउँपालिकाका अध्यक्ष श्री धन बहादुर गुरुङज्यूको अध्यक्षता एवं तपसिलका गाउँ सभा सदस्यज्यूहरु तथा अन्य उपस्थितिमा बसि निम्मनानुसार निर्णय गरियो ।

<u>उपस्थितिहरु:-</u>

| क्र.नं | जनप्रतिनिधिको नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | धन बहादुर गुरूङ | गा.पा.अध्यक्ष | | |
| २ | बेद बहादुर गुरूङ | गा.पा. उपाध्यक्ष | | |
| ३ | मिन राशी गुरूङ | वडा अध्यक्ष | १ | |
| ४ | रवि गुरूङ | वडा अध्यक्ष | २ | |
| ५ | निल राम गुरूङ | वडा अध्यक्ष | ३ | |
| ६ | धर्म जङ गुरूङ | वडा अध्यक्ष | ४ | |
| ७ | थुतेन लामा | वडा अध्यक्ष | ५ | |
| ८ | पुष्प बहादुर गुरूङ | वडा अध्यक्ष | ६ | |
| ९ | ओम बहादुर गुरूङ | वडा अध्यक्ष | ७ | |
| १० | याद घले | वडा अध्यक्ष | ८ | |
| ११ | मिङ्मर छिरिङ विष्ट | वडा अध्यक्ष | ९ | |
| १२ | डिल कुमारी घले | का.पा.सदस्य | | |
| १३ | सुक बहादुर परियार | का.पा.सदस्य | | |
| १४ | प्रमिला गुरूङ | का.पा.सदस्य | | |
| १५ | सोनिया गुरूङ | का.पा.सदस्य | | |
| १६ | चनार स्यो गुरूङ | का.पा.सदस्य | | |
| १७ | मोहन कुमारी घले | का.पा.सदस्य | | |
| १८ | बुद्ध बहादुर गुरूङ | वडा सदस्य | १ | |
| १९ | सन्त कुमारी परियार | वडा सदस्य | १ | |
| २० | गंगा गुरूङ | वडा सदस्य | २ | |
| २१ | कमर कलि गुरुङ | वडा सदस्य | ३ | |
| २२ | ललित मान गुरूङ | वडा सदस्य | ४ | |
| २३ | सुक बहादुर गुरूङ | वडा सदस्य | ४ | |
| २४ | निसा गुरूङ | वडा सदस्य | ५ | |
| २५ | फूल माया वि.क | वडा सदस्य | ५ | |

**नियोजन** :(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक २०८१/८२को निमित्त नासों गाउँपालिका, मनाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत खाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत खाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा पुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न क्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने री कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित कम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च ब्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

**निर्णय नं. ३**

नासों गा.पा.वडा नं. ३, धारापानीमा रहेको नासों गाउँपालिकाको कार्यालय भवन सहितको वरिपरिको सार्वजनिक/सरकारी जग्गा र विभिन्न वडाहरुमा रहेको वडा कार्यालय तथा आधारभुत अस्पताल निर्माण गर्न उपयुक्त सार्वजनिक/सरकारी जग्गा प्राप्ती/सरकारी जग्गा उपयोग गरि आवश्यकता अनुसारका भवन निर्माण गर्न आवश्यक पर्ने उपयुक्त जग्गाहरु प्रचलित ऐन, कानून, कार्यविधी, निर्देशिका बमोजिम प्राप्त गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने र सोका लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।